केन्द्रीय कार्यालय
बालुवाटार, काठमाण्डौ
फोन नं: ४१४९९६
फ्याक्सः ४१५१५८
E-mail: nrbfisd@nrb.org.np
Web Site: www.nrb.org.np
टेलिग्राम "रावा"
टेलेक्सः २२०७ रावा एनपी
पोष्ट बक्सः ७३

# नेपाल राष्ट्र बैंक

## बित्तीय संस्था सुपरीवेक्षण विभाग

पत्र संख्याः वि.स.सु.वि./६२/कुबेर/०६६/६७

मितिः २०६६/१२/२७

**कुबेर मर्चेन्ट फाइनान्स लिमिटेड**
पुतलीसडक, काठमाण्डौ

**विषयः बार्षिक वित्तीय विवरण प्रकाशन गर्न स्वीकृती प्रदान गरिएको ।**

त्यस संस्थाले पेश गरेको आ.व. २०६५/०६६ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, सोसंग सम्बन्धित अनुसूचीहरू, लेखापरीक्षकको प्रतिवेदन, लङ्गफर्म अडिट रिपोर्ट समेतका आधारमा गैर-स्थलगत सुपरिवेक्षण गर्दा देखिएका कैफियतहरूका सम्बन्धमा देहाय बमोजिम निर्देशन दिइएको छ । उपरोक्त निर्देशनहरू शेयरधनीहरूको जानकारीका लागि वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित गर्ने तथा कार्यान्वयन गर्ने गरी आ.व. ०६५/०६६ को वित्तीय विवरणहरू वार्षिक साधारण सभा प्रयोजनको लागि प्रकाशित गर्न स्वीकृति प्रदान गरिएको व्यहोरा निर्णयानुसार जानकारी गराउँदछु ।

क) निम्न निर्देशनहरू कार्यान्वयन गरी यस बैंकलाई जानकारी गराउन हुन ।

१. कर्जा तथा निक्षेपको उच्च बृद्धिदर तथा उच्च कर्जा/निक्षेप अनुपातवाट आइपर्न सक्ने जोखिम प्रति सजग रहन । साथै, कर्जा निक्षेप अनुपात सम्बन्धी यस बैंकको निर्देशन अक्षरशः पालना गर्न हुन ।
२. जोखिम व्यवस्थापन समिति गठन गर्न ।
३. कर्जा प्रवाह पूर्व कर्जा/साख सूचना लिने गर्न ।
४. कर्जा तथा सापटमा आर्जित ब्याज आम्दानी बाहेक अन्य सम्पूर्ण आम्दानीलाई एक्रुअल आधारमा लेखाङ्कन गर्न ।
५. यस बैंकको निर्देशन बमोजिम तोकिएको कार्यविधि अपनाई क्षेत्रगत कर्जाको सघन्ताको प्रभावकारीरूपले अनुगमन तथा नियन्त्रण गर्न ।
६. लेखापरीक्षकले औंल्याएका अन्य कैफियतहरू सुधार गर्न ।

ख) संस्थाको आ.व. २०६५/२०६६ को मुनाफा रू. ७,८१४ हजार हुने भएकोले साधारण जगेडा कोषमा सोको २० प्रतिशत अर्थात् रू. १५,६३ हजार छुट्टयाउन तथा सोही बमोजिम संशोधित वित्तीय विवरण प्रकाशन गर्न ।

भवदीय,

(बम बहादुर मिश्र)
उप निर्देशक

बोधार्थः
१. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।

# कुबेर मर्चेन्ट फाइनान्स लिमिटेड

## आ.व २०६५/०६६ को वार्षिक वित्तीय विवरण प्रकाशन गर्न स्वीकृती दिंदा

## नेपाल राष्ट्र बैंकले दिएको निर्देशन सम्बन्धमा

## संस्थाको प्रतिकृया

क)

१. निर्देशन बमोजिम कर्जा/निक्षेप अनुपातबाट आईपर्न सक्ने जोखिमहरु न्युनिकरण गर्न कर्जा निक्षेप अनुपात व्यवस्थापनमा सजग रहि त्यस बैंकबाट जारी कर्जा/निक्षेप अनुपात सम्बन्धी निर्देशनको पालना गरिने छ ।

२. सम्पत्ती तथा दायित्व नीति तर्जुमा भएको छ साथै संस्थाका अन्य निर्देशीका अन्तर्गत रही जोखीम व्यवस्थापन समिति गठन गरी तहाँलाई जानकारी गराइने छ ।

३. कर्जा प्रवाह पुर्व कर्जा/साख सुचना लिने व्यवस्था मिलाइएको छ ।

४. निर्देशन बमोजिम कर्जा तथा सापटमा आर्जित व्याज आम्दानी बाहेक अन्य सम्पुर्ण आम्दानी लाई एक्रुअल आधारमा लेखांकन गरिने छ ।

५. क्षेत्रगत कर्जाको अनुगमन तथा नियन्त्रण व्यवस्था मिलाइएको छ ।

६. लेखापरीक्षकले औल्याएका कैफियतहरु सुधार गर्दै लगिएको छ ।

(ख) निर्देशन वमोजिम साधारण जगेडाकोषमा रु१५,६३ हजार छुट्याइएको छ र सोहि बमोजिम विवरण संसोधन गरी प्रकाशन गरीने छ ।

नोट तथा टिप्पणी

## नोट तथा टिप्पणी